# मिसन न्यूज

बेस्ट कर्णाली मिडिया

Mission News National Weekly

www.missionenews.com

राष्ट्रिय साप्ताहिक

वर्ष-४ | अंक-४९ | २०७७ असार ३१ गते बुधबार | 15 July 2020 Wednesday | मूल्य रू. १०/-


## बजेट सक्न असारमा चटारो

**मिसन न्यूज**

**कालिकोट**

जिल्लाका तिलागुफा नगरपालिका वडा नं. १ स्थित कालिका आधारभूत विद्यालयको दुई कोठे भवन असार मसान्त लाग्दा पनि भर्खरै पिल्लर हाल्न थालिएको छ । संघीय सरकारको बजेट ढिलो अख्तियारी आएको र स्थानीय सरकारले योजनाको सम्झौता ढिलाइ गर्दा जेठमा सम्झौता गरेर बजेट सक्नकै लागि असारमा धमाधम काम गर्न थालिएको हो । संघीय सरकारबाट प्राप्त १५ लाख बजेटमा निर्माण हुन लागेको उक्त दुई कोठे भवन असारको अन्तिम सातामा पिल्लर मात्र हालिएको छ । स्थानीय ४० जना मजदुर तथा विद्यालय व्यवस्थापन समितिका मान्छे रातारात काम गरेर भए पनि निर्माण गरिसक्ने योजनामा छन् । 'आफ्नो विद्यालयमा बजेट आएको थाहा बैशाखमा थाहा भयो । प्रक्रिया पुगाएर जेठको १८ गते मात्र सम्झौता गरियो । लकडाउनको समय भएकाले भवन निर्माणमा आवश्यक सिमेन्ट सरीया ढुवानी गर्न ढिलाइ हुँदा असारबाट मात्र काम सुरु गरियो', विद्यालयका व्यवस्थापन समिति



जिल्लाको तिलागुफा नगरपालिका वडा नं. १ स्थित कालिका आधारभुत विद्यालयको पिल्लर हालिंदैं । तस्विर : मिसन न्यूज

अध्यक्ष मनबहादुर बुढाले भने, 'अहिले पिल्लर हाल्दैछौं । रात दिन काम गरेर भए पनि साउन महिनाको ५ गतेभित्र भवन निर्माण सम्पन्न गर्ने योजना छ । नगरपालिकाका प्राविधिकले जसरी भए पनि काम सक्नुस् भनेका छन् ।' रास्कोट नगरपालिकामा निर्माण हुन लागेको रास्कोट रंगशालाको असार १ गते उपभोक्ता समिति चयन गरियो । विवादै विवादमा बनेका उपभोक्ता समितिका अध्यक्ष सचिव, कोषाध्यक्ष लगायत पूरा समिति बनाउन एक हप्ता लाग्यो । असार १० गते मात्र उपभोक्ता समितिले पूर्णता पायो र ११ गते नगरपालिकामा योजनाको निर्माण सम्झौता भयो । कर्णाली प्रदेश सरकार अन्तरगत आएको सो आयोजना एक करोड खर्च गर्नुपर्ने छ । असार ११ गते सम्झौता भएर १५ गतेबाट काम सुरु गरिएको रंगशालाको असार मसान्तसम्म एक करोड खर्च गरिसक्नु पर्ने छ । एक करोड सकाउनकै लागि रातदिन नभनी काम भइरहेको छ । दश दिनमा एक करोड खर्च गर्दा योजनाको गुणस्तर कस्तो बन्ला ? गत वर्ष पनि रंगशाला निर्माणका लागि आएको

**बाँकी ८ पेजमा.....**

## मास्क नलगाई बजारमा हिड्डुल गर्न मनाई

**मिसन न्यूज**

**कालिकोट**

जिल्ला प्रहरी कार्यालय कालिकोटले मास्क नलगाइ बजारमा हिड्डुल गर्ने ४० जनालाई नियन्त्रणमा लिएर कारबाही गरेको छ । संक्रामक रोग ऐन २०२० प्रयोग गरी प्रहरीले मास्क नलगाइ जथाभावी बजारमा हिँड्डुल गर्ने ४० जना नागरिकलाई नियन्त्रणमा लिएर कारबाही गरेको हो । जिल्ला प्रहरी प्रमुख डिएसपी श्यामबाबु ओलीयाले पछिल्लो समय लकडाउन खुकुलो भएपछि नागरिक लापरवाही बढेकाले प्रहरीले लकडाउनसँगै कोरोनाबाट जोगिने उपायलाई कडाइका साथ पालना गराउन मास्क बिना बजारमा आउने नागरिकलाई कारबाही गर्ने अभियान सुरु गरेको बताए ।

उनले मास्क नलगाएर बजारमा आएका ४० जनालाई मास्कको महत्व र कोरोनाबारे जानकारी गराइ संक्रामक रोग ऐन २०२० अनुसार जिल्ला प्रशासन कार्यालयमा एक सय रुपैयाँका दरले जरीवाना तिराएर मास्क दिइ पठाइएको बताए । मास्क लगाउनु पर्छ भन्ने कुरा थाहा हुँदा पनि लापरवाही गरी मास्क नलगाएर बजार आउने कारबाहीमा परेको उनले बताए । उनले भने, 'हामीले बजारमा बैंकमा काम भएका, दैनिक उपभोग्य सामान लिन आएका, अस्पताल तथा मेडिकलमा जाने मानिस लगायत अत्यावश्यक काममा आएकालाई सामाजिक दुरी कायम गरी



मास्क लगाएर आउन आग्रह गरेका छौं ।' कोरोनाको जोखिम बढिरहेका बेला दिन प्रति दिन मास्क नलगाउने, बजारमा आउँदा सामाजिक दुरी कायम नगर्ने जस्ता नागरिक लाप्रबाही बढिरहेको उनले बताए । यसलाई न्यूनीकरण गर्नका लागि पहिलो चरण मास्क नलगाएर बजारमा आउने र हुल पार्नेलाई संक्रामक रोग ऐन २०२० अनुसार एक सय जरीवाना गर्ने, मास्क लगाउने, सामाजिक दुरी कायम गर्ने, सेनीटराई प्रयोग गर्ने, पटक पटक साबुन पानीको प्रयोग गर्ने र अरुलाई पनि प्रयोग गर्न लगाउने सुझाव दिएको उनले उल्लेख गरे । 'बीना मास्क बजारमा आएकालाई मास्क पनि लगाएर पठाउने गरेका छौं । यसले सबै मानिसहरुलाई कोरोनाबाट जोगिने उपायहरु अबलम्वन गर्न प्रेणा दिनेछ', उनले भने । जिल्ला स्वास्थ्य सेवा कार्यालयका सूचना अधिकारी कटकबहादुर महतका अनुसार जिल्लामा हालसम्म ४७ जनामा कोरोना पुष्टि भएको छ । जसमा ३८ जनाले कोरोना जितेर घर फर्किएका छन् भने ९ जना संक्रमित मात्र आइसोलेसनमा भर्ना भएका छन् । जिल्लामा हालसम्म ४ हजार २ सय ७२ जना मानिस भारतबाट फर्किएका छन् । जसमा ४ हजार १ सय २४ जना १४ दिन क्वारेन्टाइनमा बसेर घर फर्किएका छन् । बुधबारसम्म जिल्लाभरि १ सय ४८ जना क्वारेन्टाइनमा बसिरहेका छन् ।

## नमुना बस्तीमा रिङरोड बन्दैं

**कालिकोट**-जिल्लाको रास्कोट नगरपालिका ७ को नमुना बस्तीमा रिङरोड बन्ने भएको छ । प्रदेश सरकार, संघीय सरकार र नगरपालिकाको सहयोगमा नगरपालिकाको वडा नं ७ मा पर्ने पुछ्छेगाउँदेखि वडा नं ६ को एककीकृत नमुना वस्तीमा जोड्ने रिङरोड बन्ने भएको हो । नगर उपप्रमुख मिमसरा वम र वडा नं ६ का वडा अध्यक्ष तथा नगरपालिका प्रवक्ता टक्कबहादुर फर्सालले संयुक्त रुपमा रोडको शिलान्यास गरेका छन् । पहिलो वर्ष ५० लाखको लागतमा निर्माण हुन लागेको सो रिङरोडको आजैदेखि काम शुरु भएको उप प्रमुख बमले जानकारी दिइन् । उनका अनुसार यो जिल्लाकै पहिलो र नमुना सडकको



रुपमा लिएको छ । नगरपालिकाले पहिलो पटक वडा नं ७ को पुछ्छेगाउँलाई नमुना बस्ती बनाउने निर्णय गरेकाले पहिलो प्रथामिकता सडकलाई दिएको बताइन् । क्रमश अन्य वडामा उत्पादन र भौगोलिकताका आधारमा केहि न केहि रुपमा नमुना बनाउँदै जाने पनि बताइन् । अहिले पनि नगरकै वडा नं ८ र ९ लाई फलफुल पकेट क्षेत्र, लेकाली भागमा स्वाउ जोन र औली भागहरुमा सुन्तला पकेट क्षेत्र बनाउने बताइन् । शिलान्यास कार्यक्रममा वडा नं ६ का वडा अध्यक्ष टक्कबहादुर फर्सालले वडा नं. १ देखि ९ सम्मका सवै वडाहरुमा उत्पादन आधारमा उत्पादनमा आधारित पकेट क्षेत्र र भुगोलका आभारमा एकिकृत्र नमुना बस्ती निर्माणको तयारिमा रहेको बताए । वडा नं. ६ को वडालालाई जिल्लाकै उत्कृष्ट एकीकृत नमुना वस्ती बनाउने तयारी रहेको बताए । अहिले पनि यो सडक विदेशी मोडलमा रिङरोडको डिजाइन अनुसार बन्न लागेको बताए । 'अहिले नगरका ९ वटै वडाहरुमा सडक पुगिसकेका छ । उनले भने,आवश्यकता अनुसार सडकको कालोपत्रे गर्ने र नमुना बस्तीमा रिङरोड निर्माण गर्न लागेका छौं',

# सम्पादकीय...

## किसानलाई मलको सास्ती नहोस्

सरकारी अनुदानको मल आयात गरी बिक्री वितरणको जिम्मा पाएका सरकारी कृषि सामग्री र नेशनल ट्रेडिङले मलको व्यवस्थापन गर्न नसक्दा कृषकहरूले सधैं मलको समस्या भोग्नुपरिरहेको छ । यो धानको रोपाईको बेला चाहिने मल पाउने अवस्था छैन भने केही समयपछि दोहोऱ्याएर हाल्नुपर्ने मल पाउन पनि समस्या नै हुने देखिएको छ । चैत महीनादेखि नै मलको आपूर्तिमा समस्या देखिएको थियो । किसानहरूले मकै बालीमा हाल्न सहज रूपमा मल पाउन सकेनन् । मलको स्टक नभएर भन्दा पनि वितरण प्रणाली सही नभएकाले त्यो बेला मल पाउन समस्या भएको थियो । सरकारी कम्पनीले आयात गरेको मल लामो समयसम्म कोलकाता बन्दरगाहमा रोकिएको थियो । अझै पनि भारतको कान्डला बन्दरगाहमा अड्किएको मल नेपाल आउन सकेको छैन । कोलकाता आइपुग्नुपर्ने मल निर्यात गर्ने कम्पनीको गैरजिम्मेवारीका कारण गुजरातको कान्डला पुगेर अड्किएको हो । कान्डला बन्दरगाहबाट नेपालले सामान ल्याउन नपाउने अवस्था छ । तर, आपूर्तिकर्ता कम्पनीले कान्डलामा मल छाडिदिएको छ । यसरी २१ हजार मेट्रिक टन मल नेपाल आउन सकेको छैन । यस्तोमा नयाँ कम्पनीलाई ठेक्का दिँदा मलको अभाव झनै चर्कने हो कि भन्ने देखिएको छ । पूर्वाधार निर्माणको ठेक्का लिएर समयमा काम नगर्ने भनी आलोचित शैलुङ कन्स्ट्रक्शनकै भगिनी संस्था शैलुङ इन्टरप्राइजेजलाई दुईपटक सम्झौता गरेर कुल ८० हजार मेट्रिक टन मल किन्न ठेक्का दिइएको छ । सरकारकै काम नगरेर आलोचित बनेको कम्पनीलाई राजनीतिक पहुँचका आधारमा सरकारकै कामको थप ठेक्का दिएको आरोप लागेको छ । कृषि सामग्री कम्पनीले सबैभन्दा कम मूल्य कबोल गरेका कारण शैलुङलाई ठेक्का दिएको दाबी गरेको छ । तर, यसमा प्रक्रिया नपुगेको आरोप छ, यद्यपि प्रक्रिया पुऱ्याएर ठेक्का दिएको सरकारी दाबी छ । सरकारी कामकारबाही गलत भएकोमा उठेका आवाजको जिम्मेवार उत्तर अहिलेसम्म नआएको सन्दर्भमा यस ठेक्काको प्रक्रियामा रहेको विवादको वास्तविकता पनि बाहिर आउने सम्भावना कमै देखिन्छ । उच्च राजनीतिक नेतृत्वसँगको सान्निध्य हुँदैमा शैलुङ इन्टरप्राइजेजले ठेक्का पाउनु हुँदैन भन्ने होइन । तर, कम्पनीले ठेक्काअनुसार काम गर्न सक्छ कि सक्दैन भन्ने पक्षचाहिँ महत्त्वपूर्ण हुन्छ । पूर्वाधार निर्माणमा बदनाम भइसकेको कम्पनीलाई ठेक्का दिँदा सरकारले यस पक्षमा पनि ध्यान दिन आवश्यक थियो । अर्को, सबै ठेक्का एकैपटक दिइएको होइन । गत जेठ महीनामा नै २५ हजार मेट्रिक टन मल आयातको ठेक्का पाएको शैलुङले यसका लागि प्रतीतपत्रसमेत नखोलेको अवस्थामा दोस्रो ठेक्का किनदिइयो ? यो प्रश्नको उत्तर सरकारी अधिकारीले दिन सकेका छैनन् । यसले मल आयातमा ढिलाइ हुने संकेत दिइसकेको छ । यस्तोमा मल आयातमा कुनै बदमासी भए कारबाही गर्छौं भन्ने सरकारी कम्पनीको भनाइ पत्याउने आधार देखिँदैन । सडक आयोजनाका काम अझै अपूरै रहेको अवस्थामा कारबाही भएको छैनभने मल आयातमा पनित्यस्तै नहोला भन्नसकिँदैन । मल आयातमा सधैं किचलो हुने गरेको छ । अवतरणको जिम्मा सीधै निजीक्षेत्रलाई दिनुपर्छ र अनुदान,भन्सार छूट आदि सुविधा दिएर त्यसको लागत कमपार्ने व्यवस्था गर्नुपर्छ ।

### जनचेतना मुलक सन्देश

**व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृषि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कृषि उत्पादन एवं उत्पादकत्व बढाई स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदुपयोग गरौं ।**

**शुभकालिका गाउँपालिकाको कार्यालय**
**कालिकोट**

### प्रकोप र महामारी सम्बन्धमा

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

**खाँडाचक्र नगरपालिकाको कार्यालय**
**कालिकोट**

# करिडोरमा यातायात संचालन

**मिसन न्यूज**
**कालिकोट**

कर्णाली करिडोरमा यातायात संचालन भएको छ । मान सरोकार यातायात प्रालीद्वारा संचालित जिप संचालनसँगै आइतबारदेखि कर्णाली करिडोरमा यातायात संचालन भएको हो । गत चैत ११ गतेबाट भएको लकडाउनसँगै बन्द भएको यातायात सेवा पुन संचालन भएको मानसरोवर यातायात प्रालीका प्रतिनिधि नेत्र बिष्टले जानकारी दिए । उनका अनुसार कर्णाली करिडोरमा लकडाउनका कारण यातायात सेवा बन्द भएको चार महिनापछि आइतबारबाट संचालनमा आएको छ । जिल्लाको नरहरीनाथ गाँउपालिकाको लालिघाट बजारदेखि रास्कोट नगरपालिका, पचालझरना गाँउपालिका हुँदै पलाँता गाँउपालिकाको घाटा चौरसम्मको करिब ३२ किलोमिटर सडकमा यातायात संचालन भएको हो । करिडोरको ३२ किलोमिटर सडकमा गाडी गुड्न थालेपछि स्थानीयलाई दैनिक उपभोग्य सामान लिन तथा आवतजावतका लागि सहज भएको छ । लामो समयसम्म लकडाउने यातायात सेवा रोकिंदा यात्रुहरु पैदल हिंड्न बाध्य थिए। यातायातत सेवा जोर बिजोर प्रणालीमा जिल्ला भित्र संचालन गर्न दिने सरकारले गरेको निर्णयसँगै यातायात सेवा संचालनमा छ । मानसरोबर यातायात प्रालीका अध्यक्ष हस्तबहादुर बमले पहिलेकै भाडा दरमा नागरिकको सहजताका लागि करिडोरमा यातायात सेवा पुन संचालन गरिएको बताए । उनका अनुसार करिडोरमा जिप संचालन भएपछि कर्णाली पारिका चार स्थानीय तहका नागरिकको हाटबजार जिते बजारसम्म सामान ढुवानी गर्नुका साथै सदरमुकाम आउने मानिसलाई ठुलो राहत हुनेछ । उनले भने, 'यातायात संचालन गर्दा सामाजिक दुरी कायम गरी यात्रुलाई बोकिनेछ । विदेशबाट आउने मानिसका लागि छुट्टै गाडीको व्यवस्था गरिनेछ ।' नेपाली सेनाद्धारा निर्माणाधीन कर्णाली करिडोरमा यातायात संचालन भए पनि हिलाम्मे सडकमा यातायात सेवा सचालन गर्न निकै समस्या हुने गरेको चालकहरुको भनाइ छ । एक चालकले भने, 'नेपाली सेनाको काममा कुनै गुनासो गर्दा ब्यारेकमा बोलाएर थर्काउँछ । सडकको ठाँउ ठाँउमा पहिरो खसेको र बिग्रिंदै गएको हिलाम्मे सडकको सुधार कसैले गर्दैन । सेनाकै मान्छेका गाडी र ट्रकहरु संचालन भइरहेका छन् ।' सडकको बिग्रिएका भाग सुधार नगर्दा यातायात संचालन गर्न सास्ती खेप्नु परेको उनको भनाइ छ। 'कर्णाली करिडारका लालिघाट, रेगिल, कोट, आम्ताडा, शान्निगाड, भात्तडी, फुगाड, बग्र लगायतका दर्जनौं ठाउँमा सडक बिग्रिएको छ । सडकमै रोपाइँ गर्न मिल्छ । त्यहाँ दुई पांग्रेदेखि चार पांग्रेसम्मका सबै सवारी साधनलाई आवतजावत गर्न समस्या छ ।' नेपाल सरकारले



**बाँकी ८ पेजमा.....**

### वन डढेलो नियन्त्रण सम्बन्धी सूचना

**वन डढेलो रोकथाम गर्ने उपायहरु:-**

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर ।

२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा अग्नी रेखा निर्माण गरेर ।

३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने ।

४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो । संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ । वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

**वन डढेलो नियन्त्रण गर्ने उपायहरु:-**

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ ।

२) नियन्त्रण गर्न नसकिने डढेलोलाईप्रति अग्नी विधी (Conter Fire Method ) अपनाएर जस्तै: आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ ।

३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तै: दांते (Fire Rake),चेप्टे ( Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर ।

**डिभिजन वन कार्यालय,कालिकोट**
**कर्णाली प्रदेश,नेपाल**

# विश्वमै आक्रान्त वनायो जिवन कोरोना कहरले



**रण बहादुर ऐरी**

हजुर हामी गितामा सदा पढन पाउदछौँ। जब जब पृथ्वीमा चरम पापको शिमा नाघ्दछ तब तब म मेरा अनेक रुप धारण गरी पृथ्वीमा बढेका पापको नास गर्न कलंकी रुप लिई सँसार नस्ट्र र भस्ट् गराउदछु। पापको मोचन गरी धर्मको उजागर गराउद छू र संसारमा सत्यको विजय गराउदछू भनि १८(अठार) हजारवर्ष पूराना ग्रन्थहरुमा पाउद छौ। संसार इश्वर को रचना हो।संसारका मानवहरु दूई दिनका पाहूना हुन। जो जन्म मरणमा परि रहन्छन। मैन ईज मोटर्ल इजइट यूनिभर्षल ट्रुथ भन्ने सत्य सावित छदै छ। तर प्रकृतिका ग्रन्थ औषधि मुलो यान ,विमान ,पूस्पक, विमान क्षेप्यास्र यानी अगन्यास्र मन्त्र यानि बेद शिक्षा भगवानको अठार अक्षेरीय परम पिता शिवको डमरु बाटै उत्पन्न भई चतुर मूखि ब्रहमा जि द्धारा पृथ्वी तल सम्म शिक्षा आर्जन गर्न बेद विचरण र कला संकार रहन शहन नैतिकता शिक्षा आदीको प्रारम्भ भएको हामी सबै धार्मीक ग्रन्थहरुमा पाउदछौ। तर दूई दीनका पाहूना मानव विज्ञानको हतियार प्रयोग गरेर श्रृस्ट्री झुट्टा र विज्ञान ठुलोको होड बाजिका जकडिएर बसेका छन। दशन इज विग स्टार भन्दछन यदि सूर्य सँसारमा ब्याप्त छैन र निश्पक्ष प्रकाश दिदैन भने संसार एक डिक पनि चल्न सक्दैन। विज्ञानले सूर्य बनाउन सक्दैन। चन्द्रमाको प्रकाशले अधियारको अन्त गराई दीन्छ। तपाई विज्ञान ले तपाईको छोटो जिवन मा संसार रुवाएर विकाँस गर्दछ।


जस्तै सडक खन्दा हजारौ हजार रुख काटिइन्छन।हजार हजार ठाँऊमा जग्गा जमिन नासिइन्छन जिव जन्तू मर्दछन। खोला नाला पूरीई पानीका मूल सुक्दछन बल्ल सडक निर्माण हून्छ। तर ज्ञान हाँसि हाँसि मर्दछ। विज्ञान रोई चिच्चाई मर्दछ। यसैले विशाल श्रृस्ट्री भन्दा तपाईको वैज्ञानिकता अवश्य ठुलो छैन। आत्म अणु हो पर आत्मा विशाल हो। आत्मा र पर आत्माको विकाँश नै अथवा मिलन नै इश्वरतो प्राप्त गर्नु हो। र श्रृस्ट्री बुझी जन्मा जन्मको चोला त्यागी श्रृस्ट्री का मालीकमा मिलन गर्नूहो। यो संसार जिती मर्यादा रामको लिला बुझ्नु हो। तर केही विश्वका अज्ञानी मूढ वैज्ञानीकहरु रसायनिक तथा जैविक हात हतियारको होड बाजिका लागी हातहतियारमा को भन्दा को कम पैसामा को भन्दा को कम भनि एउटा राष्ट्रले अर्को राष्ट्रलाई तल देखाउन उद्धत भई राखेकाछन। यि वैज्ञानीक र अहंकार बादी राज नेता बाट विश्वमा गृह मेघी मृग मायाको चपेटामा विश्व परी रहेछ। प्रकृति कसैको बावुको पेवा होइन।प्रकृति विश्वका सबै जिवको सांझा घर हो। यो साझा घरमा सबैको बाँच्न पाउन नैसर्गिक अधिकार छ। यो अधिकार मास्छु भन्ने यवन र हैवान बाहेक अरु केनै हो र यो प्रकृतिले सावित गरेर देखाउद छ। सर्वप्रथम त म मेरो इस्ट कुल देब बाशुदेव केदारनाथ पित्री नाथमा नमन गर्दै विश्व संसार हजुरकै संरचना भएका कारण यो संसारमा कोरोना भगाई मानव सन्जालमा शान्ति शुब्यवस्था कायम होस र विश्व जगत शुखि रहन प्रार्थना गर्दछु। चाईनाको हूवान प्रान्त बाट सूरु भएको कारोना कहरले आमा ,बूवा ,दाजू,भाई ,दीदी बहीनी बिचको प्रगाड मायाको अन्त त गरेकै छ। रातको निन्द्रा र दिउसोको भोक हराएको छ। जन मानस विचल्लीमा परेको छ। यति वेला तपाई साइन्टीफिक वैज्ञानिकहरु कहाँ हराउनु भएको छ।कुन कुनामा हराउनु भएको छ। कहाँ गयो तिम्रो विज्ञान कि औषधि पत्ता लागेन। इस्मे दांगमै कुछ काला है जैसि बात है जव जव विज्ञानले विकाश सँगै श्रृस्ट्रीको धज्जी उडाउदछ। तब तब कृष्ण भगवान कलंकी रुप लिई संसार नस्ट्र र भ्रस्ट्र गराँउदछन। जब जब रसायनिक ,,आणविक र जैविक हात हतीयार निर्माण गरी प्रकृति वंङ्गयाउन तिम्रो विज्ञानले खोज्दछ। तब तब चरम पाप बढेर धर्ती माता घिनाउछिन। माता असहय हुन्छीन त्यसै बेला प्रकृति वङ्गयाउने शनिको न्याय प्रणालिको चक्रमा फस्दछन तब मै हूँ भन्ने वैज्ञानिक राजनेता संसार धनि र गरीवको हैन आत्मा र पर आत्माको मिलन हो भन्ने सोच पलाउन यि गृह मघी मृग मायाका शिकार भएका प्रणीहरुले श्रीमद भागवत गिता बेद विचरण गरी मिमांशा सम्मका धार्मीक ग्रन्थहरु अध्यन गर्न नितान्त आवश्यक भई सकेको छ। यदी प्रकृतिलाई वङ्गयाएर जैविक हतियार बनि विश्व आक्रान्त भएको हो भने अवश्य मेव तपाईहरु ब्रहमा विश्णु महेसको श्रृस्ट्रीको कानुन र न्याय का देउता सनि भगवान तपाईहरु लाई छूट दीने छैनन्। न्यायको चक्र मित्र अवश्य पर्ने छौ। विधिका अगाडी तपाई को अहंकार को तनिक पनि अवश्य मेव केही लाग्ने छैन। यदी तपाई विश्वका संन्चालक र सम्बाहक लाई तपाई मदहोशिहरुलाई तनिक सोच र विचार छ भने हामी मानव जाती एकै मनुका सन्तान हौ। हामी इकोसिस्टम का समान खाने र बाच्ने अधिकार बोकेर ल्याएका प्राणी हौ तर दूख आई पर्दा त्यो व्यवहार देखीन गएको छैन देश छोडी विदेशीन पुगेका नेपालका यूवा यूवतिहरु औषधि मूलो नपाएर प्राण त्याग्न तपाई यवन र हैवानहरु कता लूकी बसेका छौ। पशुले मालीक ले गरेका सेवा सम्झिदा मालिक प्रति बफादार रहन्छ।जस्तै कूकुर विरालो गाई भैंसी तर तिमी नर भक्षीहरु यूवा यूवतिहरुको वैदेशिक रोजगारको रकम बाट हवाली मुहाली चलाई राखेका छौ। तर विदेशमा पिदेशी दाजूभाई हरु मर्दा कुन दूलोमा लूकी बसेका छौ। नेपालीहरुले विदेशका मर्दा सम्म न विदेशी दलाल हरुले मानवता राखेका छन। न स्वदेशि दलालहरुले काम गराउदा सम्म विदेशका काम गराउने विपत्ती पर्दा छाक गास नपाई मानव मर्दा हामी नेपाली हरु लाई पाल्न सक्दैनौ भन्नु इको सिस्टम मा कतिको सूहाउदो प्रवचन हो जोकी पश पूरा पशू भएर पनि सू सू चित छ। तर तपाई स्वदेशी र विदेशी दलाल हरु चेतन शिल नरपशूको कित्ता र संज्ञा बाहेक के नै दिन नायक छौ र शिक्षा त तिमी हरुका ढोलु आमा बूवाले अहंमता अंहकार तृस्णा तूष र भ्रस्ट्र मति सिकाई नै दीएका छन। यदी तिमीहरु शिक्षा सिक्न चाहान्छौ भने मर्याददा पूरुष राम बाट शिक सत्यता शिक्न चाहान्छौ भने श्रीकृस्ण भगवान बाट शिक दया शिक्न चाहान्छौ, भने आशुतोष भगवान बाट शिक, शिक्षा ज्ञान सिक्न चाहान्छौ ब्रहमाजि बाट शिक, दूख हीन अझै चाहान्छौ रावंण बाट शिक साधब्वी बन्न चाहान्छौ माता पार्वति र सति शुलो चना बाट शिक भक्ती सिक्न चाहान्छौ भने विर हनुमान जिबाटशिक तर श्रृस्ट्री तिमी जस्ता नर पशुले बंगाउन सक्ने क्षमता छैन मानविय जिवन को मर्यादा तिमी पशू र भक्षा भक्ष भोजन गर्नेहरु लाई कहाँबाट प्राप्त हून्छ र मद होशिहरुलाई आज कोरोनाले आक्रान्त डब्लू एचओको डांटा अनुसार मे २७ सम्म नेपालमा ७७२ संक्रमित निको भएर घर फर्केका १७६ जना मृत्यू बरण गरेका ४ जना छन भने विश्व भरी ५६,८५,९३८ छपन्न लाख पचासि हजार नौ सय अठि्तस सँक्रमित छन भने मृत्यू ३,५२,२२७ तिन लाख बाउन्न हजार दूई सय सत्ताइस र निको हुनेको संख्या २४,३०,७८६ चौबिस लाख तिस हजार सात सय छयासी पूगेका छन। यसलाई परास्त गर्न जनसमुदाय देखि निति निर्माता सम्म संगलो भावना हूने होइन बढेर जान्छ। यति संगालो भावना हुने हो भने हामी यो रोगलाई परास्त गरेरै छोड्नेछौ एउटा हामी धार्मीक बाटो बांट आराध्यदेव शिव शंकरको मन्त्र र भक्ती सदा हृदय सजाई राखू आर्को पाटो विज्ञानको चमत्कारी खोज खवर बाट औषधि छिटो भन्दा छिटो पत्ता लगाउ आर्को पाटो अनुसासन बमोजिम क्वारेन्टाइन मा बस्ने शाहस गरौ र स्वास्थ कर्मी र राज्यले लक्षीत वर्ग सम्म औषधी मूलो उचित गाँस बाँस र नमस भित्रको क्वारेन्टाईन निर्माण यन्त्र साधन र औषधि प्रयाप्त मात्रामा उपलब्ध हुन सकुन जशरीईण्डीयाले लाखौन लाख मान्छे लखेटी रहेको छ।

नेपालि लाई त्यसै किसिमले आकाश सम्मको भाषण गरी नथाक्ने निती निर्माताले के बूझ्न जरुरी छ भने अर्काका देशमा यूवा जनशक्ती घोईरिइदा ती देशले विकाशमा फडको मार्ने र स्वदेशको विकाश शताब्दीयौ पर धकेलिईने हूदा हाम्रा मद होसीहरुलाई के पाठ सिक्न लाएक छ भने अब आफ्ना यूवाहरुलाई क्वारेन्टाइनचेक जाँच लगतै कृषीमा आधुनिकी करण गरी पेशामा लगाई आत्मनिर्भताको बाटो पैल्याउ कृषी फाँम खोलौ बाख्रा पालन ,,कूखुरा पालन ,,फलफुल खेती ,,पशुपालन व्यवसाय ,साना ठुला जलविद्युत योजना ,बन वृक्षा रोपणका योजना ,,धार्मीक पर्यटकीय स्थलका योजना ,,पर्यटकीय स्थलका योजना ,,फुल बगैँचाका योजना ,,निर्मलि करण पानी वाटर सप्लाईका योजना ,खानीका योजना ,लालीगूराँसको जूसका योजना डाले चुक प्रसोधनका योजना ,,जडीबुटी प्रशोधनकन योजना ,,पाक शिक्षाका योजना ,,उन्नत जातका भैँसि ,,गाई,, बाख्रा पालन का योजना सहकारी सस्था का योजना ,,कृषी प्रोजेक्टमा अनुदान दीई साग तरकारी विऊ विजन फलफुलका विरुवा उत्पादनका योजना आफ्नो देशमा भएका अल्लो प्रशोधनका योजना र आफ्नो देशका उत्तरमा भेडा बाख्रा चौँरी फाँमका योजना चिडीया खानाको योजनामा प्रयाप्त तालीम दीइ लागु गर्न नेपालका मति भ्रस्ट्र निती निर्माता को ध्यान जानू पनित तनिक सोच्नुपर्ने बेला आएको छ। विदेशमा रहनु हुने दाजू भाई दीदी बैनि सबैलाई खान पिन बस्नु र कोरोना लाई औषधी मुलाको मानविय व्यबस्था मिलाउनु राज्यको दायित्व हो। हाल सम्म नेपाल मै बसोवास गरी बस्ने आफ्ना आमा बूवा दाजू भाई दिदी बैनि मा कोरना लागी मृत्यू हुनेको संख्या एक जना पनि छैन थिएन हुदैन कीनकी हामी पशुपति पूजेता र शुद्ध पवित्र पांवन भुमी ढुँगा पुजेर देउता मान्ने ठाँउका मान्छे हौ।र छौ तर दुखको बिषय केछ भने विदेश बाट आँउनु हुने दाजु भाई दीदी बैनी बाट बढी सँक्रमित देखिइदा आफ्नो घर परिवार माँटो देशलाई साक्षी राखी अवश्य मेव स्वारेन्टाइनमा बसि औषधी लिई र आफ्ना नेपालका देवि देवताका भक्ती गान प्रवचनमा रमाइ कोरना हामी अबस्य परास्त गर्दछौ निको हुनेको संख्या पनित निकै छ भनी कोरना परास्त गरी आफ्नै देशमा काँम काज गरी देश समूउन्नत विकसित र समवृद्धहुन तर्फ सरकार सँग उद्योग मागी दीगो विकाश मा लाग्न म भगवान आशुतोषमा बिन्ति गर्दै कोरना नाश गराई विश्व जगत शशुख मय भई सदा सर्वदा इश्वर हृदय लिइ काम काज गरोस भनि विनम्र आग्रह समेत गर्न चाहान्छु।

अर्को तर्फ सरकारलाई यो माहामारीमा राहात सुनियो जित वितरण नहोस क्वारेन्टाइन व्यवस्थित होवस खानपिन औषधि मूलोको पूर्ण प्रत्याभूती होस र बिरामी चेक जाँच नपाई नमरुन सांसद कोषको सम्पूर्ण रकम कोरना महामारीमा लगाई नेपाली ३ करोड जनताले सरकारको जयजय कार गरेको सून्न पाँउ पार्टी गत,, दलगत ,गुटगत ,नाता बाद कृपाबाद ,,का आधारमा राहत वितरण भएको न सुनियोस सतहत्तरै जिल्लामा कोरना जाँच उपकरण पुगुन डाक्टर साहबहरु अथवा सरकारी निकायमा खट्ने जिउ ज्यानको बाँजि दीने कर्मचारी हरुको उचित मूल्याङ्कन हवस र क्वारेन्टाईन भवनहरु माप दण्ड भित्रका बनुन। पछि यूवा स्वोरोजगारका प्रयोग होउन रकोरना कहर लाई निश्पक्ष निस्वार्थ निडर भएर हामी नेपाली हरु जित्न पाउने छौँ। गरीव छौ सरीप छौ। धन छैन इश्वर शक्ती भक्ती र मन छ हामी विर गोर्खालीका सन्तान हौँ। चोर गोर्खालीका हैनौ अशत्य माथि सतयको विजय हुन्छ। नेपाली विर इमान्दार कर्मठ विर हौ विरका सन्तति हौ।भगवानको भक्ती नछोडौ गलत शित नाता नजोडौ सत्यम शिवम् शुन्दरम देश विदेशमा रहनु हुने दाजू भाई दीदी बैनी आमा बुवामा कुयाँका काँडाले नछुन। कोरना कहर विजय गर्न रात दिनै भगवानका मन्त्र साथ धूप बत्ती गर्रा प्राथना गर्दै टुटेको नाता छिटो भन्दा छिटो जूटोस भन्दै प्राथना गरी रहने छू। ॐ पन्च वक्त्राय विद्ध मये महादेवाय तन्नो रुद्र प्रचोदयात जप गरौ भन्दै बिट मार्छु। (**लेखक: रण बहादुर ऐरी,कार्यलय प्रमुख,खा.व्य.तथा व्या.क.लि शाखा दैलेख**)

# कोरोना जितेर घर गएकालाई दुर्व्यवहार नगर्न अनुरोध

मिसन न्यूज
सुर्खेत



जिल्ला प्रशासन कार्यालय सुर्खेतले कोभिड-१९ बाट प्रभावित भई क्वारेन्टिन, आइसोलेसनमा बसेका वा डिस्चार्ज भई घर गएका व्यक्तिलाई दुर्व्यवहार नगर्न अनुरोध गरेको छ। पछिल्लोपटक क्वारेन्टिन आसपासका समुदायले कोरोना प्रभावितलाई दुर्व्यवहार गर्ने, कोरोना जितेर घर फर्किसकेका व्यक्तिलाई समेत घृणा गर्ने गरेका खबर सार्वजनिक भएपछि प्रशासनले यस्ता अपमानजनक व्यवहार नगर्न सबैमा अपिल गरेको हो । 'घरपरिवारका सदस्य, छिमेकी वा अन्य व्यक्तिहरुले होच्याउने, अपमानित गर्ने, घृणा गर्ने, दुर्व्यवहार गर्नेजस्ता अमानवीय कार्य सामाजिक सद्भाव, शान्ति र कानून विपरीत भएको अवगत नै छ', प्रशासनद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'यस्ता दण्डनीय कार्य गर्ने विरुद्ध गाउँ/नगरपालिका, प्रहरी वा प्रशासन कार्यालयलाई समयमै सूचना उपलब्ध गराई पीडितलाई न्याय प्रदान गर्न सहयोगको अपेक्षा गर्दछौँ ।' प्रशासनले कानून विपरीत यस्ता कार्य गर्ने जोकोहीलाई प्रचलित कानूनबमोजिम गरिने चेतावनी दिएको छ । समाजले होच्याउने वा अपमानजनक व्यवहार गर्ने हुँदा कतिपय व्यक्ति कोरोना भाइरस परीक्षण गराउन तयार नहुने समस्या देखिएपछि प्रशासनले दुर्व्यवहार गर्नेलाई कारवाही गर्ने चेतावनी दिएको हो ।







## स्वास्थ्य सन्देश

उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ। तसर्थ समयमै स्वास्थ्य संस्थामा आई स्वास्थ्य परिक्षण गराउँनुहोस् ।

**महावै गाउँपालिकाको कार्यालय**
**कालिकोट**

## प्रकोप नियन्त्रणको सूचना

मौसम बदलीका कारणले बिभिन्न प्रकार रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं। बासी झिंगा भन्केको खानेकुरा नखाऔं। घर आगन सफा सुग्घर राखौं। स्वस्थ्य जीवन राख्न सधै सफा सुग्घर हुने बानी बसालौं । सफा घर स्वस्थ्य जीवन जिउने आधार हो। सबै त्यसैमा लागौं ।

**तिलागुफा नगरपालिकाको कार्यालय**
**कालिकोट**

# गाउँनै पहिरोमा बग्न थालेपछि गाउँले विस्थापित

**मिसन न्यूज**
**जाजरकोट**

पहिरोले गाउँ नै बगाउन थालेपछि जाजरकोटको बारेकोटमा दुई सयभन्दा बढी परिवार विस्थापित भएका छन् । गाउँ नै पहिरोमा बग्न थालेपछि एक हजारजना विस्थापित भएका हुन् । बारेकोट गाउँपालिका १ कोट्लीका १२ परिवारका ४०, वडा नम्बर ४ जिरीका ३२ परिवारका एक सय २०, गोठगाउँका आठ घरका ४५ र वडा नम्बर ५ का कालाखोली, तोल्खान, भैलोखानाका एक सय ५० घरका नौ सयजना गरेर दुई सय दुई घरका एक हजार एक सय पाँच मानिस विस्थापित भएको जिल्ला प्रहरी प्रमुख डिएसपी किशोर श्रेष्ठले जानकारी दिए । बारेकोटमा बिहीबार राति गएको पहिरोले ठूलो धनजनको क्षति पुर्‍याएको छ। बेपत्ताको खोजीमै सबै केन्द्रित भएको र सञ्चार सम्पर्क विच्छेद भएका कारण




बालीनाली र पशुचौपायामा भएको क्षतिको विवरण आउन नसकेको उनले बताए । पानी निरन्तर परिरहेकाले जमिन भासिने र पहिरो जाने क्रम नरोकिँदा बारेकोटका जिरी, मैना, तोलखाना, कालाखोली, भैलोखाना, धुमा लगायतका गाउँ नै बग्ने खतरा बढेको गाउँपालिका अध्यक्ष महेन्द्र शाहको भनाइ छ । पहिरो जाने डरले घर छोडेका स्थानीय विद्यालय, आफन्त र सार्वजनिक चउरमा पाल टाँगेर बसेका छन् । धेरैजसो विस्थापित भगवती आधारभूत विद्यालय रुमसिल, हिमालय आधारभूत विद्यालय गोठगाउँ, गोरख आधारभूत विद्यालय जिरी लगायतका विद्यालयमा आ श्रय लिएर बसेका छन् । विस्थापित परिवारलाई खान र बस्न निकै समस्या छ । विस्थापितलाई शौचालय र खानेपानीको समेत समस्या परिरहेको छ । ठूलो संख्यामा मानिस विस्थापित भएकाले व्यवस्थापनमा कठिनाई भएको शाहले बताए । अत्याधिक वर्षातले ठाउँठाउँमा पहिरो गएको, गाउँ नै भासिएको र ठाउँठाउँ चिरा परेपछि घर छोड्न बाध्य भएको बारेकोट ५ का लिलबहादुर शाहीले बताए । उनले जतिखेर पनि पहिरो जान सक्ने त्रासले गाउँले चिन्तित भएको बताए ।

विस्थापित परिवारहरूलाई सुरक्षित स्थानमा सार्नु पर्ने उनको माग छ । प्रमुख जिल्ला अधिकारी संयोजकत्वको विपद् व्यवस्थापन समितिले बारेकोटमा विस्थापित परिवारको राहत, उद्धार र व्यवस्थापनमा आवश्यक पहल नगरेको स्थानीयको गुनासो छ । विस्थापितलाई खान र बस्न निकै समस्या छ । सुत्केरी तथा गर्भवती महिला, बालबालिका र जेष्ठ नागरिक निकै समस्यामा छन् । धेरै विद्यालयका छाना चुहिने भएकाले सुत्न नसकेर रातभर जाग्राम बस्ने गरेको

**बाँकी ८ पेजमा.....**


## प्रकोप र महामारी सम्बन्धमा

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

**खाँडाचक्र नगरपालिकाको कार्यालय**
**कालिकोट**

## सम्पुर्णमा हाम्रो अनुरोध

**नगरपालिकालाई पुर्ण सरसफाइ घोषणा गर्नु पर्ने अभियान थालिएकोले नगर पालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौं ।**

**रास्कोट नगरपालिका**
**कालिकोट**

## प्रकोप र महामारी सम्बन्धमा

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

**तिलागुफा नगरपालिकाको कार्यालय**
**कालिकोट**

## क्षयरोग (टि.बी.) का लक्षणहरु

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु ।
२. साझँ पख सधै ज्वरो आउनु ।
३. खाना खान मन नलाग्नु ।
४. तौल (वजन) घट्नु ।
५. खकारमा रगत देखा पर्नु । यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं ।

**नरहरीनाथ गाउँपालिकाको कार्यालय**
**कालिकोट**

## हाम्रो सन्देश

स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔं । धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔं । खेती योग्य बाझों जग्गामा खेती गरि खाद्य संम्प्रभुताको मौलिकहक लाई कार्यान्वयन गरौं, गराऔं ।

**सान्नी त्रिवेणी गाउँपालिका**
**कालिकोट**

## स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी, संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइ दए पछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**स्वास्थ्य कार्यालय कालिकोट**
**कर्णाली प्रदेश, नेपाल**

# कर्णाली राजमार्गमा सकस

मिसन न्यूज
कालिकोट

बर्खा लागेसँगै कर्णाली राजमार्गमा सास्ती सुरु भएको छ । बर्सेनि वर्षात्को समयमा बाढी र पहिरोका कारण राजमार्गमा समस्या हुने गरेको छ। यसपालि पनि वर्षासँगै पहिरो खस्न थालेपछि सडक अवरुद्ध हुन थालेको छ। एक हप्ता अगाडि गरेका कारण कर्णाली राजमार्गमा सञ्चालन हुने यात्रुवाहक तथा मालवाहक सवारीसाधन र यात्रुहरूले निकै सास्ती खेप्नु परेको हो। जिल्लाको सेरीघाट, झाम्ला मोड, छेडा, सिम्लेगाड, पिली, राँचुलीलगायतका ठाउँमा पनि स-साना पहिरो खस्ने समस्या छ। यो राजमार्गमा ट्रक सञ्चालन गर्दै आएका चालक सन्दीप खड्काले सुर्खेतबाट दैनिक उपभोग्य सामान तथा निर्माण सामग्री



राजमार्गको गल्लीमा पहिरो जाँदा एकदिन सडक नै अवरुद्ध भयो। यस्तै दैलेखको जाक्सी खोलानजिकै पहिरो जाँदा तीन दिनसम्म राजमार्ग अवरुद्ध भयो। सोही राजमार्गको दही खोलामा पनि पहिरो गयो । त्यहाँ एकदिन सडक अवरुद्ध भयो । एम्बुलेन्ससमेत चल्न पाएनन् । गाडीमा सवार यात्रुहरू पनि बीच बाटोमै अलपत्र परे। पहिरोका कारण सडक नै अवरुद्ध हुने र भत्केको सडक पनि मर्मत नहुँदा यात्रुले हैरानी भोग्द आएका छन्। जिल्ला ट्राफिक प्रहरी कार्यालयका अनुसार कर्णाली राजमार्गको कालीकोट खण्डका दर्जनौं ठाउँमा पहिरोले समस्या सिर्जना गरेको छ । जिल्लाको सिमाना दहीखोलादेखि गगने खोला, काले खोला, जिते, सुनार खोला, गल्लीलगायतका ठाउँमा वर्षायाम सुरु भएपछि पहिरो खस्न थालेको हो। पहिरोका कारण सडक खुल्ने र अवरुद्ध हुने

ल्याएर कालीकोट हिँड्दा गन्तव्यमा पुग्नै मुस्किल हुने गरेको बताए । उनले हिउँदको समयमा एकैदिन सुर्खेतबाट कालीकोट पुग्ने भए पनि वर्षायाम लागेपछि त्यही सडकमा चार दिनसम्म लाग्ने गरेको बताए। उनले भने, 'कर्णाली राजमार्ग नाम मात्रको छ, गाडीलाई साइड दिन नपुग्ने सडकमा दसपांग्रे गाडी पनि आउँछन् । सडक पूरै खाल्डाखुल्डी र हिलाम्मे छ, कति ठाउँमा त गाडी फसेपछि दिनभर नै लाग्छ।' प्रमुख जिल्ला अधिकारी चन्द्रप्रसाद गैरेले कर्णाली राजमार्गमा सकेसम्म धेरै दिन पहिरोका कारण सडक अवरुद्ध हुन नदिन सडक डिभिजन कार्यालय जुम्लाबाट एक्साभेटरको व्यवस्था गरिएको बताए । उनले भने, 'कर्णाली राजमार्गका ठाउँठाउँमा वर्षासगै पहिरो खस्ने समस्या छ, पहिरो खसेपछि तत्काल

बाँकी ८ पेजमा.....


## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

- मासुको लागि बध गरिने पशुपन्क्षीहरूको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं ।
- बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔं ।
- पशुपन्क्षी बध गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रूपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।
- खुला रुपमा राखेको र झिंगा भन्केको माछा,मासु नखाउ र नखुवाऔं ।
- माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।

पचालझरना गाउँपालिकाको कार्यालय
कालिकोट

## क्षयरोग (टि.बी.) का लक्षणहरु

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु।
२. साझँ पख सधै ज्वरो आउनु।
३. खाना खान मन नलाग्नु।
४. तौल(वजन) घट्नु।
५. खकारमा रगत देखा पर्नु। यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं।

पलाँता गाउँपालिकाको कार्यालय
कालिकोट

## हाम्रो अनुरोध

सिंचाइ पुर्वाधार,कृषि विकासको मुल आधार सिंचाइ गरौं, उत्पादन बढाऔं। सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुऱ्याऔं, गरिबी न्यूनिकरण गरौं।

कृषि ज्ञान केन्द्रको कार्यालय
कालिकोट

## सान्नी त्रिवेणीको सन्देश

सुन्दर र समृद्ध गाउँपालीका निर्माण, एकमात्र आधार जैविक, कृषी उत्पादन, पशुपालन र जडीबुटीको माध्यामवाट निर्यातमुखी अर्थतन्त्रको विकास हाम्रो सशक्त अभियान।

सान्नी त्रिवेणी गाउँपालिका
कालिकोट

## सम्पुर्णमा हाम्रो अनुरोध

गाउँपालिकामा पुर्ण सरसफाइ अभियान थालिएकोले गाउँपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौं।

पचालझरना गाउँपालिका
गाउँ कार्यपालिकाको,कार्यालय
कालिकोट


## महत्वपूर्ण टेलिफोनहरु

| | | | |
|---|---|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ | शसस्त्र प्रहरी कार्यालय | ०८७-४४०३१३ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ | राष्ट्रिय वाणिज्य बैक | ४४०११९ |
| जिल्ला समन्वय समिति | ४४००२१/४४०११४ | ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ | सानीमा बैंक | ०८७-४४०१२६ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ | एनआईसी बैंक | ०८७-४४०१४४ |
| जिल्ला कारागार शाखा | ४४००१७ | मेगा बैंक | ०८७-४४००९८ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० | निर्धन उत्थान विकास बैक | ०८७-४४०२५९ |
| जिल्ला शिक्षा समन्वय इकाई | ४४०११६ | किसान माइक्रोफाइनान्स | ०८७-४४०२६२ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ | जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| जिल्ला कृषि ज्ञान केन्द्र | ४४०११८/४४०२०९ | नापी कार्यालय | ४४००१८ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ | मालपोत कार्यालय | ४४००१९ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ | जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| नेपाल खाद्य संस्थान | ४४०००८ | ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ | हिमचुली कृषि सहकारी सस्था | ०८७४४०१९७ |
| आपत्कालीन एम्बुलेन्स | ९७५८९००१३९ | उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ | मिसन न्यूज | ०८७–४४०२४२ |
| कृषि विकास बैंक कालिकोट | ०८७-४४००५९ | | |

मिसन न्यूज राष्ट्रिय साप्ताहिक

# नेपालीको उद्धारका लागि एक साता चार्टर्ड उडान

**मिसन न्यूज**

**काठमाडौं**

कोभिड-१९ महामारीका कारण विभिन्न मुलुकमा अलपत्र परेका नेपालीको उद्धारका लागि आजबाट तेस्रो चरणको चार्टर्ड उडान हुदैछ। नेपालका उडान तालिका बनाएर आजदेखि उडान शुरु गरेका छन्। पछिल्लो चरणमा ४२ उडान हुँदैछन्। यसमा नेपाल एयरलाइन्सको मात्रै २४ उडान हुनेछ भने हिमालयको १५ उडान तालिका रहेको छ। उडान तालिकाअनुसार आज नेपाल




दुई नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) र हिमालय एयरलाइन्ससहित विभिन्न मुलुकका एयरलाइन्सले नेपालीको उद्धारका लागि एक साता चार्टर्ड उडान गर्न लागेका हुन्। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले आगामी जुलाई १५ देखि २२ सम्मको चार्टर्ड उडान तालिका सार्वजनिक गरिसकेको छ। सोहीअनुरुप नेपाल एयरलाइन्स र हिमालय एयरलाइन्सले चार्टर्ड एयरलाइन्सले दुबईमा दुई उडान गर्नेछ। हिमालय एयरलाइन्सले आबुधाबीमा दुई उडान गर्ने जनाएको छ। उद्धार उडानका लागि नेपाली एयरलाइन्स सम्बन्धित गन्तव्यमा उडिसकेको विमानस्थलले जनाएको छ। यो अवधिमा एयर अरेबिया, फ्लाई दुबईले दैनिक एक उडान गर्नेछन् भने जजिरा एयरले दैनिक दुई उडान गरी नेपाली स्वदेश फर्काउने मन्त्रालयले जनाएको छ।

# मृत्युदण्ड सम्बन्धी कानुन सदर

**एजेन्सी**

**वासिङ्टन**

संयुक्तराज्य अमेरिकाको सर्वोच्च अदालतले मृत्युदण्ड सम्बन्धी संघीय कानुन लागू गर्न संघीय प्रशासनलाई अनुमति दिएको छ। तल्लो अदालतले संघीय कानुन कार्यान्वयनमा ढिलाई गर्न यसअघि दिएको आदेशलाई उल्ट्याउँदै सर्वोच्चले नयाँ



आदेश दिएको हो। ट्रम्प प्रशासनको अनुरोधमा विवादास्पद संघीय मृत्युदण्ड सम्बन्धी कानुन पुनः १७ वर्षपछि ब्यूँताइएको हो। अमेरिकामा हाल चार जनालाई संघीय कानुन बमोजिम मृत्युदण्ड दिन लागिएको छ, तर यसअघि जिल्ला अदालतका न्यायाधीशले उक्त मृत्युदण्ड कार्यान्वयन गर्नुअघि कानुनी चुनौतीका लागि बाटो खुला गर्न आदेश दिएका थिए। मृत्युदण्डको पर्खाईमा रहेका पहिलो व्यक्तिमा आर्यन पिपुल्स रिपब्लिक नामको संस्थाका संस्थापक डेनिएल लेविस ली रहेका छन्।

उनीमाथि उक्त संस्थालाई पैसा जुटाउन भएको डकैतीमा एक परिवारका तीन जनाको हत्या गर ेको आरोप छ। सर्वोच्चको आदेशमा जिल्ला अदालतको आदेशलाई भ्याकेटमा राखिएको र यसअघिकै पूर्व निर्धारित योजना बमोजिम मृत्युदण्डको कार्यक्रम अघि बढाउन अनुमति दिइएको उल्लेख छ। संघीय कानुन बमोजिम सन् २००३ पछि संयुक्तराज्य अमेरिकामा मृत्युदण्ड दिइन लागेका ली पहिलो व्यक्ति हुन्। साथै संघीय मृत्युदण्डको पक्षमा उभिएका राष्ट्रपति डोनाल्ड ट्रम्पको कार्यकालमा हुन लागेको यो मृत्युदण्ड पनि पहिलो नै हो। ली र अर्का व्यक्ति चेभी किहोले सन् १९९६ मा बन्दुक बिक्रेता (डिलर) विलियम मुलर, उनकी पत्नी र अर्की आठ वर्षीया छोरीको हत्या गरेका थिए। उनीहरुमाथि मृत्युदण्ड दिन सन् १९९९ मै अदालतले फैसला सुनाए पनि कानुनी प्रक्रियाका कारण मृत्युदण्ड दिन ढिलाई भएको हो। सर कारी वकीलहरुका अनुसार अभियुक्तहरुले मुलर को घरबाट बन्दुक चोरी गरेका थिए। उनीहरुले स्वेत अतिवादी संस्था आर्यन पिपुल्स रिपब्लिकाका लागि रकम जुटाउन उक्त बन्दुक बेच्ने योजना बनाएका थिए।

अमेरिकाका एक हजारभन्दा बढी धार्मिक संस्थाका प्रतिनिधिहरुले मृत्युदण्ड सम्बन्धी संघीय कानुन कार्यान्वयनमा नल्याउन राष्ट्रपति ट्रम्पसँग अनुरोध गरेका थिए। तर राष्ट्रपति ट्रम्पले प्रहर ीका हत्यारा र लागूऔषधका कारोबारीमाथि मृत्युदण्ड दिइनु उचित हुने बताउनु भएको छ। अमेरिकामा हाल केही राज्यहरुले मात्र मृत्युदण्ड दिने गरेका छन्। सन् २०१९ मा २२ जनालाई मृत्युदण्ड दिइएको थियो।

# सातको भाग्यफल

| | |
|---|---|
| मेष : | शुभ समाचार सुन्न पाइनेछ। राजनैतिक र सामाजिक प्रतिष्ठा कायम राख्न लगानी गर्ने समय आएको छ। बन्दव्यापार र पेसाव्यवसायका क्षेत्रमा उन्नति प्रगतिको वातावरण बन्नेछ। वाहन लाभको योगपनि छ। मध्य सातामा नजिकका व्यक्तिबाट कार्यमा बाधा आउनेछ। |
| वृष : | कार्य सम्पादनमा समस्या आउला। नयाँ ठाउँमा आर्थिक लगानी गर्नु उपलब्धीमूलक हुँदैन। वैदेशिक क्षेत्र कमजोर रहनेछ। सामान हराउने वा चोरी हुने भयछ। साताको अन्त्यमा रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ। प्रेम र मित्रताको बन्धन कसिनुका साथै दाम्पत्य सुखमा रमाउने समय छ। |
| मिथुन : | यो साता सामाजिक क्षेत्र र नोकरीबाट मानसम्मान मिल्नेछ। रमाइलो यात्राको योग रहेको छ। मनमा शान्ति र अनुहारमा कान्ति छाउनेछ। एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ। वाहन लाभ पनि हुनेछ। मध्य सातामा विचार पुर्याएर निर्णय लिनु राम्रो होला। |
| कर्कट : | यो साता रोकिएका अधूरा काम पुनः सुरु हुन सक्छन्। धर्म कर्म, परोपकार, समाजसेवा जस्ता कार्यमा मन लाग्नेछ। ठुला व्यक्तिले तपाईको मेहनतको प्रसंसा गर्नेछन्। मित्र जनको साथ सहयोगले उल्लेख्य कार्य सम्पादन हुनेछ। फलदायी यात्रा र शुभकार्यको चर्चा चल्नेछ। |
| सिंह : | यो साता शुभकार्यको चर्चा चल्नेछ। मनमा हर्ष,उमङ्ग र उत्साह छाउनेछ। राजनैतिक र सामाजिक प्रतिष्ठा कायम राख्न लगानी गर्ने समय आएको छ। बन्धुबान्धव र दाजुभाइको सहयोग लिनसकिनेछ। लामो समयदेखि रोकिएका अधुरा कामहरु पुरा हुनेछन्। |
| कन्या : | यो साता मनमा वैराग्यको भावना पलाउन सक्छ। नियमित खर्चसमेत बढ्ने योग छ। व्यवसायमा मन्दी आउनेछ। सामान हराउने वा चोरी हुने सम्भावना छ। सोमवारबाट धन र व्यवहारमा फाइदा हुनेछ। काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ। |
| तुला : | अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ। शुभ कार्यमा सरिक भाइनेछ। मित्रबाट विशेष सहयोग मिल्नेछ। चिताएको कामले तीव्रता लिनेछ। अतिथिका रूपमा सम्मान पाइनेछ। साताको अन्त्यमा घरायसी कामधन्दाका लागि खट्नु पर्नेछ। झंझटीलो कार्यमा समय खेरा जाला। |
| वृश्चिक : | यो साता धार्मिक र सांस्कृतिक र शुभ कार्यमा सरिक हुने सम्भावना छ। स्वादिष्ट भोजनपनि पाईनेछ। काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ। आफन्त संग रमणीय र सुखद् यात्राको योग छ। मध्य सातामा महत्त्वपूर्ण अवसर गुम्न सक्नेछ। एक किसिमको निरसतापनि आउन सक्छ। |
| धनु : | यो साता नयाँ र शुभकार्यको चर्चा चल्नेछ। कामगर्ने जोश,जाँगर र हिम्मत बढ्नेछ। मित्रताको बन्धन कसिनुका साथै दाम्पत्य सुखमा रमाउने समय छ। तिर्थाटनको योगपनि रहेको छ। साताको अन्त्यमा ताके अनुरूप काम नबन्नाले दिक्क लाग्नेछ। |
| मकर : | स्फूर्ति र उमङ्गको कमी हुनेछ। कार्मक्षेत्रपनि घर्षशील रहनेछ। सौन्दर्यतामा धन खर्चपनि हुनेछ। जीवनसाथी संग राय बाजिनेछ। विहिवारबाट अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ। बुद्धिको उपयोग गर्दा जटिल ठानिएको कार्यहरू सम्पादन हुन सक्छ। |
| कुम्भ : | बुद्धिको उपयोग गर्नाले जटिल ठानिएको कामसमेत सम्पादन हुन सक्छ। व्यवसायको सन्दर्भमा रमाइलो यात्रा हुनेछ। नयाँ वस्त्र, अलंकारको प्राप्ति हुनेछ। परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइनेछ रोकिएको धन हाता पर्न सक्छ र सुखद् यात्राको योगपनि छ। |
| मीन : | यो साता आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन्। व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ। धार्मिक,सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। वाणिज्य क्षेत्रबाट विशेष लाभ रहनेछ। परीक्षा आदि प्रतिस्पर्धामा उर्तिण हुनसकिनेछ। |

# बजेट सक्न असारमा....................

एक करोड जनताको आँखामा छारो हालेरै सकिएको स्थानीय बताउँछन् । 'गत वर्ष स्काभेटरले काम गरेर कामदारको नक्कली हाजिर देखाएर उपभोक्ता समितिका अध्यक्ष र पधाधिकारिले कामै नगरी एक करोड रकम भ्वाम पारेको उनीहरुको आरोप छ । यसपालि पनि गर्त वर्षकै रित दोहोरिने स्थानीय रनबहादुर बमको भनाइ छ । उनले भने, 'हामीले जग्गा त दियौं तर, समितिमै राखेनन् डोजरबाट काम गरेर कामदारको नक्कली सूची बनाएर पैसा खाए, नेकपाका सांसद र नेताका नजिको हुँ भन्दै यसपालि पनि त्यही गरे । एक करोड सकाउनकै लागि रातदिन नभनी काम भइरहेको छ । दश दिनमा एक करोड खर्च गर्दा योजनाको गुणस्तर कस्तो बन्ला ?' जिल्लाको पचालझरना गाँउपालिका-८ भैंसीगौंडा हुँदै खडीतोलीसम्मको सडकको पनि असारमै सम्झौता भएर असारमै धमाधम काम भइरहेको छ । यहाँ पनि कर्णाली प्रदेश सरकारले ८० लाख बजेट स्तोरोन्नतीको कामका लागि छुट्याएको छ । बजेट सक्न उक्त सडकमा पनि राताराात गर्न थालिएको हो । यी प्रतिनिधिमुलक घटना हुन् । निमित्त जिल्ला समन्वय अधिकारी तथा इन्जिनियर चक्रबहादुर शाहीले भने, 'संघ र प्रदेशका अधिकांश योजना असारमै सम्झौता भएर असारमै काम भइरहेका छन् । संघीय माननीयाको निर्वाचन क्षेत्र विकास कोषको ६ करोड बजेटबाट जिल्लामा २८ वटा योजनामध्ये २७ योजनाको काम असारमै भइरहेको छ ।' शुभकालिका स्थित सुकाटियामा कृषि संकलन केन्द्रको काम नभएको र त्यसको १० लाख बजेट कोरोना कोषमा जाने उनले बताए । उनले भने, 'प्रदेशका योजनाको अभिलेख नै दिएका छैनन् । जिल्लामा सयौं योजना असारमै काम भइरहेको छ ।' यति मात्र होइन, जिल्लाका ९ वटै स्थानीय तहमा प्रदेश सरकार र संघीय सरकारबाट आएका अधिकांश योजना असारमै सम्झौता, असारमै विकास गर्ने भइरहेको छ । जिल्ला समन्वय समितिकी उपप्रमुख लक्ष्मी बिष्ट नेपालीले ढिलो अख्तियारी र कोरोनाले गर्दा निरन्तर लकडाउनका कारण विकासी योजनाको असारमै सम्झौता र असारमै काम भएको बताइन् । रास्कोट नगरपालिका प्रमुख काशीचन्द्र बरालका अनुसार जेठमै नगरपालिकाका योजना ८० प्रतिशत सम्पन्न हुँदा प्रदेश र संघका भर्खर सुरु भएका छन् । कतिपय त असारमै सुरु भए। 'यो हाम्रो मात्रै कमजोरी होइन, संघ र प्रदेश सरकारको पनि हो', उनले भने, 'बजेट नै ढिलो पठाएपछि हामीले अगाडि कसरी विकास गर्ने। आगामी दिनमा यसलाई ध्यान दिनुपर्छ ।' प्रदेश सरकार अन्तरगत खाँडाचक्रमा आएको ताडिदेखि राराघाटसम्मको सडक निर्माण, फोरा बान्ना नैनकुन्ज सडक, जिमजेढी खानेपानी, जनजीवन माविको भवन निर्माण, दशाला माविको भवन निर्माण, लगायतका योजना असारमै सम्झौता र असारमै काम सुरु भएका छन् । मुख्यमन्त्री रोजगार कार्यक्रमका योजना पनि असारमै धमाधम सुरु भएका छन् ।

# करिडोरमा यातायात................

राष्ट्रिय गौरवको आयोजनाका रुपमा लिइएको 'नर्थ साउथ ग्रोथ एक्सिस'कर्णाली करिडोरको कालिकोट खण्ड ४० किलोमिटर, बाजुरा खण्ड ४३ किलोमिटर र हुम्लामा १ सय १३ किलो मिटर गरी जम्मा १ सय ७४ किलोमिटर छ । त्यसमध्ये ५१ किलोमिटर सडक विभाग र १ सय २३ किलोमिटर सडक नेपाली सेनाले निर्माण गरिरहेको छ । २०५७ सालबाट निर्माण थालिएको उक्त सडकको १५ वर्षसम्म पनि निर्माण कार्यले गति लिन नसेकेपछि यहाँका स्थानीयबासीको माग अनुसार २०७१ साल चैत्र ९ गते नेपाली सेनालाई कर्णाली करिडोर निर्माण गर्ने जिम्मा दिइएको थियो ।

करिडोर निर्माणको जिम्मा लिएको करिब ५ वर्षमा ठुला चट्टान छिचोल्दै एक सय किलोमिटर सडकमा गाडी गुडाइसकेको छ ।

# कर्णाली राजमार्गमा...............

पन्छाउनका लागि एक्साभेटर तयारी हालतमा राखेका छौं । राजमार्ग दिनप्रतिदिन बिग्रँदै गएको छ । यसको सुधारका लागि सम्बन्धित निकायमा पहल पनि गरिरहेका छौं ।' सडक डिभिजन कार्यालय जुम्लाका इन्जिनियर नीलाबहादुर भण्डारीले कर्णाली राजमार्गको स्तरोन्नतिको काम भइरहेको बताए । स्थानीय तहले शाखा सडकहरू खनेर मुख्य राजमार्ग बिगारेका कारण थप समस्या भएको बताए । उनले भने, 'राजमार्गको स्तरोन्नतिको काम भइरहेको छ, ठाउँठाउँमा स्थानीय तहले शाखा सडक खन्दा मुख्य राजमार्ग अवरुद्ध पारिदिएका छन् ।' जिल्ला सदरमुकामसमेत रहेको खाँडाचक्र नगरपालिकाका सुनार खोला, ताडी, दाहाँलगायतका ठाउँमा नगरपालिकाले सडक खन्दा मुख्य राजमार्ग बिगारेको छ ।

# गाउँनै पहिरोमा बग्न.............

बारेकोट ५ का नरबहादुर रोकायले बताए । 'पहिरोको त्रासले विद्यालयमा आएर बसेकालाई छाक टार्न र बस्नसमेत निकै समस्या भएको छ । धेरै परिवारको विचल्ली भएको छ', उनले भने । अहिलेसम्म कसैले पनि विस्थापित परिवारका समस्याबारे कसैले चासो नदिएको उनको भनाइ छ । बाढीपहिरोले बारेकोटका विभिन्न गाउँ जोड्ने बाटोघाटो सबै बन्द भएका छन् । सदरमुकाम खलंगा आउने बाटो पनि अवरुद्ध छ भने सञ्चार सम्पर्क विच्छेद छ । जसका कारण बारेकोट पहिरोमा राहत, उद्धार र विस्थापित परिवारको व्यवस्थापनमा स्थानीय, प्रदेश र संघीय सरकारबीच समन्वय हुन सकेको छैन ।

## बेस्ट कर्णाली मिडियाद्धारा जारी सुचना

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित 'ख' वर्गमा वर्गिकृत मिसन न्युज साप्ताहिक पत्रिका सुर्खेत र कालिकोटबाट एकै साथ प्रकाशन भईरहेको छ । साथै **www.missionenews.com** डिजिटल अनलाईन पत्रिका हरपल तपाईको साथमा छ । पलपलको समाचार, ताजा सुचना तथा विज्ञापनका लागि सधै यहाँको साथमा छौं ।

हाम्रा विशेषता

- सरकारी,गैरसरकारी तथा प्राइभेट कार्यालयको वेवसाईड डिजाइन्
- अनलाईन पत्रिका डिजाइन ।
- वेवसाइड तथा अनलाईन पत्रिकाको लागि डोमेन रिजव ।
- वेव तथा अनलाईनका लागि होस्टीग ।
- स्थानीय तथा राष्ट्रिय संचार माध्यामा प्रशारणका लागि रेडियो तथा टेलिभिजन कार्यक्रम उत्पादन ।
- भिडियो डकुमेन्ट्री उत्पादन ।
- स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, रेडियो तथा टेलिभिजनका लागि विज्ञापन एजेन्सी ।

फोन : ०८७-४४०२४२,९८४८०४९४५५, ९८६८३१५३५३
इमेल : bestkarnalimedia@gmail.com
missionnewsp@gmail.com

**विक्रेता वर्गमा अनुरोधः**

१. सम्बन्धित निकायमा दर्ता गरी अनुमति लिएर मात्र कुनैपनि व्यापारिक कारोबारहरु शुरुवात गरौं ।
२. कारोबार स्थलमा सबैले देख्नेगरी दर्ता प्रमाणपत्र, अनुमितपत्र, साइनवोर्ड र मूल्यसूची अनिवार्यरुपमा राखौं ।
३. वस्तुको खरिद बिल सुरक्षित राखौं र बिक्रि गर्दा बिलविजक अनिवार्यरुपमा जारी गरौं ।
४. म्याद नाघेका र टुटफुट भएका उपभोग्य वस्तुहरु छुट्टाछुट्टै ठाउँ (Expiry Zone) मा राख्ने गरौं । समयसमयमा यस्ता वस्तुहरु वितरक वा उत्पादकसमक्ष फिर्ता गर्ने पद्धति बसालौं ।
५. उत्पादन मिति, प्रयोग गर्न सकिने अन्तिम मिति, उत्पादक, तौल, मूल्य (MRP) प्रष्ट देखिने लेबल भएका वस्तुहरुमात्र बिक्रि वितरण गरौं ।
६. बजार अनुगमन वा गुनासोको आधारमा हुने निरीक्षणका बखत उल्लेखित विषयहरु पालना नगरेको र लापरवाहिपूर्ण क्रियाकलाप भएको पाइएमा उपभोक्ता संरक्षण ऐन, २०७५ अनुसार कारबाहि हुने व्यहोरा सूचित गरिन्छ ।

"जिम्मेवार व्यवसायि बनौं, उपभोक्ताप्रतिको दायित्व निर्वाह गरौं ।"

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## सान्नी त्रिवेणीको सन्देश

**सुन्दर र समृद्ध गाउँपालीका निर्माण, एकमात्र आधार जैविक, कृर्षी उत्पादन, पशुपालन र जडीवुटीको माध्यामवाट निर्यातमुखी अर्थतन्त्रको विकास हाम्रो सशक्त अभियान ।**

**शुभकालिका गाउँपालिका**
**कालिकोट**

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित मिसन न्यूज राष्ट्रिय साप्ताहिक, सम्पादक,पवित्र शाही, कार्यालय, विरेन्द्रनगर.६,सुर्खेत, खाँडाचक्र न.पा.१,कालीकोट, फोनः ०८७-४४०२४२,९८४८०४९४५५ ९८६८३१५३५३,९८४८३२९७४८,इमेल,missionnewsp@gmail.com,bestkarnalimedia@gmail.com, मुद्रण, ईश्वर अफसेट प्रेस,कालीकोट,नवदुर्गा छापाखाना,वि.न.पा.सुर्खेत